इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प.सः २०८३।०८४
च.नं :

इस्मा रजस्थल, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

सूचना नं ४७

इस्मा गाउँपालिका भएर बग्ने छल्दी, निस्ती र कुखुरे खोलाहरुको विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सूचना

प्रकाशन मितिः २०८३/०७/०९

इस्मा गाउँ कार्यपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इस्मा रजस्थल गुल्मीद्वारा निम्न बमोजिमको प्रस्ताव लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को अनुसार कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	इस्मा गाउँपालिका, इस्मा रजस्थल, गुल्मी ईमेलः info@ismamun.gov.np;
प्रस्तावको व्यहोरा	इस्मा गाउँपालिका क्षेत्रमा पर्ने छल्दी, निस्ती र कुखुरे खोलाहरुको विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने कार्य
प्रभाव पर्न सक्ने वडाहरु	गुल्मी जिल्ला, इस्मा गाउँपालिका, वडा नं १,२,३, र ६

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, सामुदायिक वन, स्वास्थ्य चौकी, जन-प्रतिनिधि तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

प्रस्तावकको नाम र ठेगाना	इस्मा गाउँपालिका, इस्मा रजस्थल, गुल्मी ईमेलः info@ismamun.gov.np;
परामर्शदाताको नाम र ठेगाना	प्लाटफर्म इन्जिनियरिङ कन्सल्टेन्सि प्रा.लि., बानेश्वर, काठमाण्डौं; ईमेलः platformgroup5@gmail.com

सुरज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत